# कपुरकोट गाउँपालिकाको आर्थिक ऐन, २०७८

**कपुरकोट गाउँपालिकाको अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन**
**प्रस्तावना :**

कपुरकोट गाउँपालिकाको आर्थिक वर्ष २०७८/२०७९ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम कपुरकोट गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**
(१) यस ऐनको नाम आर्थिक ऐन, २०७८ रहेको छ ।
(२) यो ऐन, २०७७ साल श्रावण १ गतेदेखि कपुरकोट गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

**२. सेवा शुल्क दस्तुर तथा जरिवाना :** गाउँ कार्यपालिकावाट सेवा सुविधा पुऱ्याए वापत अनुसूची (१) बमोजिम सेवा शुल्क दस्तुर महशुल तथा जरिवाना असुल उपर गरिनेछ ।

**३. भूमिकर (मालपोत) तथा घर कर :** गाउँपालिका क्षेत्र भित्र अनुसूची (२) बमोजिम भूमिकर (मालपोत) तथा घर कर लगाईने र असुल उपर गरिनेछ ।

**४. घरजग्गा बहाल कर :** गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा बहाल कर लगाइने र असुल उपर गरिनेछ ।

**५. व्यवसाय कर :**गाउँपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारमा व्यवसायको प्रकृतिका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

**६. जडिबुटी, कवाडी र जीवजन्तु कर:** गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले जडिबुटी, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीव जन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोबार गरे बापत अनुसूची (५) बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ ।

**७. सवारी साधन कर:** गाउँपालिका क्षेत्र भित्र दर्ता भएका सवारी साधनको हकमा गाउँ कार्यपालिकाले निर्णय गरी लागू गरे बमोजिम हुनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**८. बिज्ञापन कर:** गाउँपालिका क्षेत्र भित्र हुने विज्ञापन कर अनुसूची (६) बमोजिम कर लगाइने र असुल उपर गरिनेछ ।

**९. मनोरञ्जन कर:** गाउँपालिका क्षेत्र भित्र हुने मनोरञ्जन व्यवसाय सेवामा कर लगाउन आवश्यक निर्णय गरी कर लगाउन गाउँ कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने, तर प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**१०. बहाल बिटौरी कर :** गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको अनुसूची (७) मा उल्लेख भए बमोजिम हाल बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाईने र असुल उपर गरिनेछ ।

**११. दहत्तर बहत्तर कर :** गाउँपालिका क्षेत्रभित्र तथा पालिका क्षेत्रभित्र ढुंगा, गिट्टी, बालुवा निकासी एवम् उपयोग गरे वापत अनुसुची ११ (४) मा भएको व्यवस्था अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ ।

**१२. पार्किङ शुल्क:** गाउँपालिका क्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलव्ध गराए वापत अनुसूची (८) बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**१३. सवारी सेवा शुल्क, दस्तुर :** गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका सडकहरुमा सञ्चालन हुने सवारी साधनहरुमा अनुसूची (९) बमोजिम सवारी साधन सेवा शुल्क लगाई असुल उपर गरिनेछ ।

**१४. घर नक्शा पास दस्तुर :** घर नक्शापास दस्तुर अनुसूची (१०) बमोजिम लगाई असुल उपर गरिनेछ ।

**१५. फोहरमैला व्यवस्थापन शुल्क तथा अन्य क्षेत्रगत शुल्क सम्वन्धमा :** फोहरमैला व्यवस्थापन तथा खानेपानीको शुल्कको विषयमा खानेपानी,सरसफाई तथा फोहोरमैला व्यवस्थापन कार्यविधि बमोजिम हुनेछ । साथै अन्य क्षेत्रगत विषयको शुल्क सम्वन्धमा कार्यविधि निर्माण भएकोमा सोही कार्यविधि बमोजिम हुने तर कार्यविधि निर्माण नभएसम्म यसै ऐन बमोजिम हुनेछ ।

**१६. कर छुट :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन । तर अपांङ्ग, कुनै घटनावाट पीडित वा कडा रोग लागेको व्यक्तिको लागि सिफारिश दस्तुर छुट दिन सकिनेछ । गाउँ कार्यपालिकाबाट लागू गरिएका करहरु त्यस पछि लगत्तै बस्ने गाउँसभाबाट अनुमोदन गर्नु पर्नेछ ।

**१७. कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधि :** यो ऐनमा भएको व्यवस्था कार्यान्वयन गर्नका लागि यस ऐन संग नबाझिने गरी कर तथा शुल्क संकलन सम्बन्धी आवश्यक नियम, निर्देशिका वा कार्यविधि बनाई लागु गर्न सक्ने छ ।

**१८. ऐनको ब्याख्या तथा खारेजी :**

क) यस ऐनमा उल्लेखित नभएका विषयको हकमा गाउँ कार्यपालिकाले करको दर ब्याख्या गर्न सक्ने छ ।

ख) गाउँपवालिकाले लागू गर्दै आएका व्यवस्थाहरु संघीय तथा प्रदेश कानून वा अन्य ऐनसंग प्रतिकुल देखिएमा प्रतिकुल भएको हदसम्म खारेज हुनेछ ।

अनुसूची (१)

**सेवा शुल्क तथा जरिवाना**

(क) सिफारिश तथा प्रमाणित

| सि.नं. | विवरण | शुल्क/दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | निवेदन दस्तुर | १०।० | |
| २ | अंग्रेजीमा गरिने सबै सिफारिश वा प्रमाणितमा थप दस्तुर | ५००।० | |
| ३ | नागरिकता सिफारिश | २००।० | |
| ४ | प्रतिलिपि नागरिकता सिफारिश | ५००।० | |
| ५ | अंगीकृत नागरिकता सिफारिश | ५००।० | |
| ६ | नाता प्रमाणित स्वेदेशी प्रयोजन | १२००।० | |
| ७ | नाता प्रमाणित बिदेश प्रयोजन | २०००।० | |
| ८ | हकवाला सिफारिश | ५००।० | |
| ९ | नाता कायम सिफारिश | २००।० | |
| १० | पारिवारिक विवरण प्रमाणित सिफारिश | ५००।० | |
| ११ | बसोबास प्रमाणित सिफारिश | २००।० | |
| १२ | नाबालक सिफारिश | २००।० | |
| १३ | जन्म मिति प्रमाणित | २००।० | |
| १४ | बैबाहिक सम्वन्ध प्रमाणित | २००।० | |
| १५ | अविवाहित प्रमाणित | २००।० | |
| १६ | व्यक्तिगत विवरण प्रमाणित | २००।० | |
| १७ | चारित्रिक प्रमाणित | २००।० | |
| १८ | सम्वन्ध विच्छेद प्रमाणित | ५००।० | |
| १९ | खानेपानी,टेलिफोन जडान, नामसारी, ठाउँसारी सिफारिश | ३००।० | |
| २० | बिद्युत मिटर जडान सिफारिश घरायसी | ३००।० | |
| २१ | बिद्युत मिटर जडान सिफारिश उद्योग | १५००।० | |
| २२ | बिद्युत मिटर जडान सिफारिश कृषि प्रयोजन | ५००।० | |
| २३ | वनजन्य बस्तुको सिफारिश | १५००।० | |
| २४ | संघ संस्था दर्ता तथा नवीकरण सिफारिश | १०००।० | |
| २५ | पेन्शन सिफारिश | ३००।० | |
| २६ | जग्गाधनी पूर्जा प्रतिलिपि सिफारिश | ३००।० | |
| २७ | सरजमीन मुचुल्का दस्तुर | ५००।० | |
| २८ | क बर्गको बैंकको प्रधान कार्यालय रहने गरी स्थापना अनुमति सिफारिश | ६०००।० | |
| २९ | ख बर्गको बैंकको प्रधान कार्यालय रहने गरी स्थापना अनुमति सिफारिश | ५०००।० | |
| ३० | ग बर्गको बित्तीय संस्था प्रधान कार्यालय रहने गरी स्थापना अनुमति सिफारिश | ४०००।० | |
| ३१ | घ बर्गको बित्तीय संस्था प्रधान कार्यालय रहने गरी स्थापना अनुमति सिफारिश | ३०००।० | |
| ३२ | क बर्गको बैंक शाखा स्थापना अनुमति सिफारिश | ५०००।० | |
| ३३ | ख बर्गको बैंक शाखा स्थापना अनुमति सिफारिश | ४०००।० | |
| ३४ | ग बर्गको बित्तीय संस्था शाखा स्थापना अनुमति सिफारिश | ३०००।० | |
| ३५ | घ बर्गको बित्तीय संस्था शाखा स्थापना अनुमति सिफारिश | २०००।० | |
| ३६ | उजुरी निवेदन दस्तुर | १००।० | |
| ३७ | मिलापत्र दस्तुर | ५००।० | |
| ३८ | घर खाली गराउँदा रोहबर प्रतिदिन | १०००।० | |
| ३९ | नाम,थर, जन्म मिति संशोधन सिफारिश | ३५०।० | |
| ४० | फरक फरक नाम,थर जन्म मिति एउटै हो भनी गरिने प्रमाणित सिफारिश | ३००।० | |
| ४१ | व्यक्तिगत घटना दर्ता (जन्म,मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता ऐन र नियमावली बमोजिम) | | |
| ४२ | व्यक्तिगत घटना दर्ता प्रमाण पत्रको प्रतिलिपि | १००।० | |
| ४३ | चौपाया निकासी वा सिफारिश दस्तुर प्रति गोटा | ५०।० | |
| ४४ | कागज वा मञ्जुरनामा प्रमाणित दस्तुर | ३००।० | |

| | | | |
|---|---|---|---|
| ४५ | व्यक्तिगत वा संस्थागत संरक्षक प्रमाणित वा सिफारिश | ३००।० | |
| ४६ | जिवित रहेको सिफारिश | २००।० | |
| ४७ | हकवाला वा हकदार प्रमाणित वा सिफारिश | ३००।० | |
| | | | |
| ४८ | आर्थिक अवस्था सिफारिश वा प्रमाणित बिपन्नता, सम्पन्नता | १०० र ५०० | |
| ४९ | पालन पोषणको लागि वा पालनपोषण गरेको सिफारिश | २००।० | |
| ५० | जग्गाको हक सम्वन्धमा सिफारिश | ३००।० | |
| ५१ | अन्य सामान्य र पटके सिफारिश | ३००।० | |
| ५२ | गै.स.स.दर्ता तथा सञ्चालन अनुमति सिफारिश | | |
| ५२.१ | स्थानीय स्तर | १०००।० | |
| ५२.२ | जिल्ला स्तर | १५००।० | |
| ५२.३ | प्रदेश स्तर | २०००।० | |
| ५२.४ | राष्ट्रिय स्तर | ३०००।० | |
| ५३ | गै.स.स.नविकरण तथा सञ्चालन अनुमति सिफारिश | | |
| ५३.१ | स्थानीय स्तर | ५००।० | |
| ५३.२ | जिल्ला स्तर | ८००।० | |
| ५३.३ | प्रदेश स्तर | १०००।० | |
| ५३.४ | राष्ट्रिय स्तर | १५००।० | |
| ५४ | **घ** बर्गको निर्माण व्यवसाय सञ्चालन अनुमति पत्र | ८०००।० | |
| ५४.१ | **घ** बर्गको निर्माण व्यवसाय सञ्चालन अनुमति पत्र नवीकरण | ४०००।० | |

**(ख) रुख कटान सिफारिश**

| **सि.नं.** | **विवरण** | **शुल्क/दस्तुर ०७७।०७८** | **कैफियत** |
|---|---|---|---|
| १ | १ देखि २५ वटा रुखसम्म प्रति रुख | ३००।० | |
| २ | २६ देखि ५० वटा रुखसम्म प्रति रुख | २५०।० | |
| ३ | ५१ देखि १०० सम्म प्रति रुख | २००।० | |
| ४ | १०० भन्दा माथि प्रति रुख | १००।० | |

**(ग) घरेलु तथा साना उद्योग दर्ता सिफारिश**

| **सि.नं.** | **विवरण** | **शुल्क/दस्तुर** | **कैफियत** |
|---|---|---|---|
| १ | कुटानी पिसानी मिल दर्ता तथा बिक्री नामसारी सिफारिश | १०००।० | |
| २ | स:मिल (काठ चिरानी) दर्ता सिफारिश | १०००।० | |
| ३ | साना तथा घरेलु उद्योग दर्ता तथा बिक्री नामसारी सिफारिश | ७००।० | |
| ४ | मझौला उद्योग दर्ता तथा बिक्री नामसारी सिफारिश | १५००।० | |
| ५ | ठूला उद्योग दर्ता तथा बिक्री नामसारी सिफारिश | २५००।० | |
| ६ | व्यवसाय बन्द तथा नाम परिवर्तन सिफारिश | ५००।० | |
| ७ | मदिरा व्यवसाय (खुद्रा) दर्ता सिफारिश (इजाजत प्राप्तलाई मात्र) | १०००।० | |
| ८ | मदिरा व्यवसाय (थोक) दर्ता सिफारिश (इजाजत प्राप्तलाई मात्र) | २०००।० | |
| ९ | पर्यटन स्तरीय होटल दर्ता सिफारिश | २०००।० | |
| १० | अन्य होटल दर्ताको सिफारिश | १०००।० | |

**(घ) जग्गा तथा चार किल्ला प्रमाणित दस्तुर**

| **सि.नं.** | **विवरण** | **शुल्क/दस्तुर** | **कैफियत** |
|---|---|---|---|
| १ | चारकिल्ला प्रमाणित दस्तुर पहिलो कित्ता | ५००।० | |
| २ | चार किल्ला प्रमाणित दस्तुर थप प्रति कित्ता | १००।० | |
| ३ | जग्गा दर्ता तथा नामसारी सिफारिश ५ रोपनी सम्म | ५००।० | |
| ४ | जग्गा दर्ता तथा नामसारी सिफरिश थप प्रति रोपनी | ५०।० | |

| | | | |
|---|---|---|---|
| ५ | राजिनामा, बकसपत्र, सिफारिश | ५००।० | |
| ६ | अँशबण्डा सिफारिश | ३००।० | |
| ७ | नाम सच्याउने सिफारिश | ३००।० | |
| ८ | घरबाटो सिफारिश १ कित्ता | २००।० | |
| ९ | घरबाटो सिफारिश थप प्रति कित्ता | १००।० | |
| | | | |

**(ङ) निजी बिद्यालय दर्ता तथा कक्षा थप  दस्तुर**

| सि.नं. | विवरण | शुल्क/दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | शिशु कक्षा दर्ता | २५००।० | |
| २ | आधारभूत तह | ३५००।० | |
| ३ | माध्यमिक तह | ४५००।० | |
| ४ | कक्षा थप प्रति कक्षा | १५००।० | |

**(च) सामुदायिक बिद्यालय दर्ता तथा कक्षा थप  दस्तुर**

| सि.नं. | विवरण | शुल्क/दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | शिशु कक्षा सञ्चालन दर्ता अनुमति | ५००।० | |
| २ | आधारभुत स्तर दर्ता अनुमति | १०००।० | |
| ३ | मा.वि स्तर दर्ता अनुमति | १५००।० | |
| ४ | क्याम्पस स्तर दर्ताको सिफारिस | २०००।० | |
| ४ | कक्षा थप प्रति कक्षा | ५००।० | |
| | | | |

**(छ) घरजग्गा मूल्यांकन  दस्तुर**

| सि.नं. | विवरण | शुल्क/दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | १ लाख रुपैयाँ सम्म | १०००।० | |
| २ | थप प्रति लाख को | १००।० | |
| ३ | आयश्रोत प्रमाणित प्रति लाख | १००।० | |

**(ज) घडेरी प्लटिङमा बाटोको लगत कट्टी सिफारिश दस्तुर**

| सि.नं. | विवरण | शुल्क/दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | प्लटिङ अनुमति प्रति रोपनी | ५०००।० | |
| २ | बाटोको लगत कट्टी प्रति रोपनी वा अंशको | १०००।० | |

## अनुसूची (२)
## भूमीकर (मालपोत)

| सि.नं. | विवरण | शुल्क/दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | **घर कर** | | |
| | क) फूसको छाना भएको कच्ची घर | ५०।० | |
| | ख) ढुंगा,जस्ता पाता, टायलको छाना भएको घर | १००।० | |
| | ग) पक्की ढलान घर प्रति तला | ३००।० | |
| २ | **मालपोत तथा भूमीकर खेत तर्फ प्रति रोपनी** | | |
| | क) अव्वल | २५।० | |
| | ख) दोयम | २० | |
| | ग) सीम | १८।० | |
| | घ) चाहार | १५।० | |
| ३ | **मालपोत तथा भूमीकर पाखो बारी तर्फ प्रति रोपनी** | | |

| | | | |
|---|---|---|---|
| | क) अव्वल | २०।० | |
| | ख) दोयम | १८।० | |
| | ग) सिम | १६।० | |
| | घ) चाहार | १४।० | |

**अनुसूची (३)**
**घरजग्गा बहाल कर**

| सि.नं. | विवरण | शुल्क/दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | आफ्नो निजी घर, पसल ग्यारेज, गोदाम, शेड, कारखाना वा पोखरी कुनै व्यक्तिले पुरै वा आंशिक रुपमा वहालमा दिएकोमा | १० प्रतिशतका दरले | |
| २ | आफ्नो निजी सवारी साधन पुरै वा आंशिक रुपमा बहालमा लगाइएको | १० प्रतिशतका दरले | |

**अनुसूची (४)**
**व्यवसाय कर**

| सि.नं. | विवरण | वार्षिक कर | कैफियत |
|---|---|---|---|
| **१** | **बिक्री तथा व्यवसायमूलक** | | |
| **१.१** | **मदिरा पसल (डिस्टिव्यूटर्स, थोक पसल तथा खुद्रा पसल)** | | |
| | रक्सी बियरको डिस्टिव्यूटर्स | १००००।० | |
| | रक्सी बियरको थोक पसल | ८०००।० | |
| | रक्सी बियरको खुद्रा पसल | १५००।० | |
| **१.२** | **सूर्तीजन्य (धुम्रपान) पसल** | | |
| | चुरोट बिडी, सूर्तीजन्य पदार्थको डिलर पसल | ५०००।० | |
| | चुरोट बिडी, सूर्तीजन्य पदार्थको थोक पसल | ४०००।० | |
| | चुरोट बिडी, सूर्तीजन्य पदार्थको खुद्रा पसल | १५००।० | |
| **१.३** | **हल्का पेय पदार्थ पसल** | | |
| | हल्का पेय पदार्थको डिलर | ५०००।० | |
| | हल्का पेय पदार्थको खुद्रा पसल | १५००।० | |
| **१.४** | **सुनचाँदी पसल** | | |
| | काँचो सुन थोक बिक्रेता | ५०००।० | |
| | अन्य सुनचाँदी पसल | २५००।० | |
| | हातले बनाउने र मर्मत गर्ने सुनचाँदी पसल | १०००।० | |
| **१.५** | **औषधि डिस्टिव्यूटर्स** | १००००।० | |
| | औषधि थोक बिक्रेता | ७०००।० | |
| | औषधि खुद्रा पसल डाक्टर भएको | ४०००।० | |
| | औषधि खुद्रा पसल डाक्टर नभएको | २०००।० | |
| **१.६** | **आयुर्वेदिक औषधि पसल** | | |
| | हर्वल उत्पादन तथा आयुर्वेदिक औषधि थोक पसल | ४०००।० | |
| | हर्वल उत्पादन तथा आयुर्वेदिक औषधि खुद्रा पसल | १५००।० | |
| **१.७** | **एग्रो भेट थोक पसल** | २०००।० | |
| | एग्रोभेट खुद्रा पसल | १५००।० | |
| | ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता | १०००।० | |
| **१.८** | **पुस्तक तथा स्टेशनरी पसल** | | |
| | स्टेशनरी, पुस्तक डिस्टिव्यूटर्स तथा कापी उद्योग | ४०००।० | |
| | स्टेशनरी तथा पुस्तक थोक पसल | २५००।० | |

| | | | |
|---|---|---|---|
| | स्टेशनरी तथा पुस्तक खुद्रा पसल | ८००।० | |
| | मुद्रण सामाग्री खरिद विक्री | २०००।० | |
| **१.९** | **पुजा सामाग्री पसल** | ५००।० | |
| **१.१०** | **कस्मेटिक पसल** | | |
| | कस्मेटिक पसल थोक | २०००।० | |
| | कस्मेटिक पसल खुद्रा | ५००।० | |
| **१.११** | **मोटर पार्ट बिक्री पसल** | | |
| | मोटर पार्ट बिक्री ग्यारेज सहित | ५०००।० | |
| | मोटर पार्ट सामान बिक्री पसल | २५००।० | |
| | ग्यारेज मात्र | २०००।० | |
| | मोटरसाइकल वर्कसप | २५००।० | |
| **१.१२** | **लुब्रिकेसन** | | |
| | लुब्रिकेसन डिस्टिव्यूटर्स | ४०००।० | |
| | लुब्रिकेसन थोक पसल | २५००।० | |
| | लुब्रिकेसन खुद्रा पसल | १५००।० | |
| **१.१३** | **प्लाइ हाउस थोक पसल** | ४०००।० | |
| | प्लाई हाउस खुद्रा पसल | २०००।० | |
| | ग्लास हाउस थोक पसल | ४०००।० | |
| | ग्लास हाउस खुद्रा पसल | २०००।० | |
| | प्लाई तथा ग्लास हाउस थोक | ६०००।० | |
| | प्लाई तथा ग्लास हाउस खुद्रा | ३०००।० | |
| **१.१४** | **कपडा तथा फेन्सी पसल** | | |
| | काँचो कपडा थोक पसल | ४०००।० | |
| | काँचो कपडा खुद्रा पसल | १०००।० | |
| | फेन्सी तथा व्याग थोक पसल | ४०००।० | |
| | फेन्सी तथा व्याग खुद्रा पसल | १०००।० | |
| **१.१५** | **धागो टाँक फस्नर थोक पसल** | १०००।० | |
| | धागो टाँक फस्नर खुद्रा पसल | ५००।० | |
| **१.१६** | **इलेक्ट्रोनिक बिक्री पसल** | | |
| | मोबाइल कम्पनी सेल्स शाखा,उपशाखा,डिस्टिव्यूटर्स | ४०००।० | |
| | इलेक्ट्रोनिक थोक पसल | ३५००।० | |
| | इलेक्ट्रोनिक खुद्रा पसल | १०००।० | |
| | अडियो,भिडियो क्यासेट पसल | १०००।० | |
| **१.१७** | **बिद्युत सामाग्री पसल** | | |
| | बिद्युत सामाग्री थोक पसल | ४०००।० | |
| | बिद्युत सामाग्री खुद्रा पसल | ५००।० | |
| **१.१८** | **हार्डवेयर,मेशिनरी,पेन्ट,सेनेटरी तथा मार्बल पसल** | | |
| | थोक पसल | ७०००।० | |
| | खुद्रा पसल | ५०००।० | |
| **१.१९** | **पेट्रोलियम पदार्थ बिक्रेता** | | |
| | १ मात्र पम्प भएको | ५०००।० | |
| | २ वटा पम्प भएको | ८०००।० | |
| | २ भन्दा बढी पम्प भएको | १००००।० | |
| | ग्याँस डिलर | २०००।० | |
| | ग्याँस विक्रेता | १०००।० | |
| **१.२०** | **स्टील,आल्मुनियमको भाँडा तथा अन्य पसल** | | |
| | भाडा पसल थोक | ४०००।० | |
| | भाडा पसल खुद्रा | १२००।० | |
| **१.२१** | **फर्निसर्श पसल** | | |

| | | | |
|---|---|---|---|
| | फ्लोरिङ तथा फर्निसर्श थोक पसल | ३०००।० | |
| | फ्लोरिङ तथा फर्निसर्श खुद्रा पसल | १०००।० | |
| १.२२ | **सवारी साधन एजेन्सी तथा थोक बिक्री पसल** | | |
| | बस,ट्रक,टेक्टर,जीप,कार डिलर/बिक्रेता | २००००।० | |
| | मोटरसाइकल, इन्धनवाला अटो रिक्सा डिलर/बिक्रेता | १००००।० | |
| | इलेक्ट्रिक साइकल इलेक्ट्रिक अटो रिक्सा डिलर/बिक्रेता | ५०००।० | |
| | अन्य साइकल रिक्सा डिलर/बिक्रेता | २०००।० | |
| | इलेक्ट्रिक वा इलेक्ट्रोनिक रिकण्डिसन हाउस | ५०००।० | |
| १.२३ | **थोक तथा एजेन्सी एवम् खुद्रा पसल** | | |
| | टायर डिलर | ४०००।० | |
| | टायर बिक्रेता | ३०००।० | |
| | पम्पिङ सेट जेनेरेटर डिलर | ४०००।० | |
| | पम्पिङ सेट जेनेरेटर बिक्रेता | ३०००।० | |
| | अन्य विविध विषयका सामान सप्लायर्स तथा एजेन्सी | २५००।० | |
| १.२४ | **दैनिक उपभोग्य बस्तु** | | |
| | खाद्यान्न सप्लायर्स | ४०००।० | |
| | किराना खाद्यान्न पसल अन्य सामान सहित | | |
| | किराना पसल सटर सहित | ८००।० | |
| | साना किराना पसल | ५००।० | |
| | गल्ला थोक | २०००।० | |
| १.२५ | **फलफूल पसल** | | |
| | फलफूल थोक पसल | ३०००।० | |
| | फलफुल खुद्रा पसल | १०००।० | |
| १.२६ | **तरकारी पसल** | | |
| | तरकारी थोक पसल | ३०००।० | |
| | तरकारी खुद्रा पसल | १०००।० | |
| १.२७ | **स्वास्थ्य सेवा व्यवसाय** | | |
| | गैर सरकारी अस्पताल | ६०००।० | |
| | नर्सिङ होम | ६०००।० | |
| | एम.आर.आइ., सि.टि.स्क्यान, अल्ट्रा साउण्ड क्लिनिक | ३०००।० | |
| | पोली क्लिनिक | २५००।० | |
| | प्याथोलोजी (दिसा, पिसाव, रगत आदि जांच) क्लिनिक | १५००।० | |
| | अक्युपन्चर, फिजियो थेरापी, स्वास्थ क्लिनिक | १५००।० | |
| | एक्सरे क्लिनिक | १५००।० | |
| | चश्मा पसल | १०००।० | |
| | कन्सल्टेण्ट चिकित्सक क्लिनिक | ४०००।० | |
| | एमबीबीएस बीएएमएस बीडीएस क्लिनिक | २५००।० | |
| | हे.अ. कविराज ल्या.टे.दन्त सहायक | १५००।० | |
| | सिएमए बैद्य ल्या.अ. | १०००।० | |
| | औषधि पसल एलोपेथी,आयुर्वेद,होमियोप्याथी | १०००।० | |
| १.२८ | **कन्सल्टेन्सी सेवा** | | |
| | इन्जिनियरिङ तथा अन्य परामर्श सेवा | २५०००।० | |
| १.२९ | **कानून व्यवसायी** | | |
| | ल फर्म तथा कानूनी परामर्श सेवा नोटरी पव्लिक समेत | २५००।० | |
| | लेखापढी फर्म | १५००।० | |
| १.३० | **लेखा परीक्षण व्यवसाय** | | |
| | लेखा परीक्षक (सी ए) | ५०००।० | |
| | लेखा परीक्षक अन्य | ३०००।० | |
| १.३१ | **अनुसन्धान सेवा** | | |

| | | | |
|---|---|---|---|
| | अनुसन्धानकर्ता | २०००।० | |
| | कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर | २०००।० | |
| | बीमा एजेन्ट | २०००।० | |
| १.३२ | **निर्माण व्यवसायी** | | |
| | क बर्ग | १००००।० | |
| | ख बर्ग | ८०००।० | |
| | ग बर्ग | ६०००।० | |
| | घ बर्ग | ५०००।० | |
| | ढुवानी कम्पनी तथा ट्रान्स्पोर्ट व्यवसाय | ३०००।० | |
| | पेन्टर | २०००।० | |
| १.३३ | **सटरिङ व्यवसाय** | | |
| | मिक्स्चर तथा सटरिङ सामान भएको | ४०००।० | |
| | सटरिङ मात्र भएको | २०००।० | |
| २ | **उत्पादनमूलक उद्योग** | | |
| | कृषिजन्य | | |
| | ठूला | १००००।० | |
| | मझौला | ७०००।० | |
| | साना | ५०००।० | |
| | गैर कृषिजन्य | | |
| | ठूला | २००००।० | |
| | मझौला | १५०००।० | |
| | साना | १००००।० | |
| | प्लाष्टिकजन्य उद्योग | | |
| | चप्पल उद्योग | ५०००।० | |
| | ग्रील उद्योग | २५००।० | |
| २.१ | **साबुन उद्योग** | | |
| | साबुन सरफ उद्योग ठूला | १००००।० | |
| | साबुन सरफ उद्योग मझौला | ७०००।० | |
| | सावुन सरफ उद्योग साना | ४०००।० | |
| २.२ | **जुत्ता उद्योग** | | |
| | जुत्ता उद्योग तथा जुत्ताको शो रुम | २०००।० | |
| | जुत्ता चप्पल पसल | १०००।० | |
| | जुत्ता मर्मत गर्ने पसल | ५००।० | |
| २.३ | **कृषि फर्म तथा पशु आहार उद्योग** | | |
| | पशु आहारा उद्योग | २०००।० | |
| | पशु आहार बिक्री केन्द्र | १०००।० | |
| | गाई भैसी फर्म | १०००।० | |
| | बंगुर फर्म, माछा फर्म, भेडाबाखा फर्म, कृषि फर्म प्रत्येकको | १०००।० | |
| | रासायनिक मल बिक्रेता | १०००।० | |
| | कृषक समूह दर्ता | ५००।० | |
| | कृषक समूह नवीकरण | २००।० | |
| | पंक्षी फर्म दर्ता | ५००।० | |
| | पंक्षी फर्म नवीकरण | २००।० | |
| २.४ | **घरेलु कुटिर उद्योग** | | |
| | अगरबत्ति उद्योग | ६००।० | |
| | मैनबत्ति उद्योग | ६००।० | |
| | टीका उद्योग | ३००।० | |
| | अचार उद्योग | ३००।० | |
| | अन्य कुटिर उद्योग | ३००।० | |

| | | | |
|---|---|---|---|
| **२.५** | **कपडा तथा गार्मेन्ट उद्योग** | | |
| | कपडा उद्योग | ६०००।० | |
| | गारमेन्ट उद्योग | ४०००।० | |
| | ज्याकेट तथा व्याग उद्योग | ४०००।० | |
| | होजियारी तथा धागो उद्योग | ३०००।० | |
| | सिरक डसना उद्योग/पसल | ३०००।० | |
| | ढाका उद्योग | १२००।० | |
| **२.६** | **पेय पदार्थ उत्पादन उद्योग** | | |
| | मिनरल वाटर उद्योग | ३०००।० | |
| | ड्रिङ्किङ वाटर उद्योग | २०००।० | |
| | आइस बरफ उद्योग | ३०००।० | |
| | आइसक्रिम उद्योग | १०००।० | |
| **२.७** | **भाडा उद्योग** | | |
| | धातुजन्य भाडा उद्योग | ६०००।० | |
| | प्लाष्टिजन्य भाडा उद्योग | ३०००।० | |
| | टिनको बाकस र यस्तै अन्य उद्योग | २०००।० | |
| **२.८** | **कुटानी, पिसानी, पेलानी मिल** | | |
| | पिसानी मात्र भएको | १०००।० | |
| | कुटानी (हलर) मात्र भएको | १०००।० | |
| | कुटानी (सेलर) मिल | ३०००।० | |
| | कुटानी हलर र सेलर दुवै भएको | ५०००।० | |
| | पेलानी मात्र भएको | १०००।० | |
| | कुटानी र पिसानी भएको | १५००।० | |
| | कुटानी (हलर) पिसानी र पेलानी | ६०००।० | |
| | कुटानी (हलर,सेलर), पिसानी र पेलानी | ७०००।० | |
| | मसला, चिउरा मिल | १०००।० | |
| **२.९** | **डेरी उद्योग तथा बिक्री पसल** | १५००।० | |
| **२.१०** | **उपभोग्य बस्तु उत्पादन उद्योग** | | |
| | कुकिज,पाउरोटी,नुडल्स,चाउमीन उद्योग | १५००।० | |
| | कन्फेक्स्नरी उद्योग | १०००।० | |
| | किस्कुट उद्योग | १०००।० | |
| | दालमोठ उद्योग | १०००।० | |
| २.११ | फलाम कृषि औजार उद्योग | १०००।० | |
| २.१२ | कागज, प्लाष्टिक रिकण्डिसन उद्योग | १०००।० | |
| २.१३ | सौर्यशक्ति मर्मत सम्भार/पार्ट बिक्री | १०००।० | |
| २.१४ | फाईवर वा काठको फर्निचर उद्योग/शोरुम | १५००।० | |
| २.१५ | कंक्रिट व्लक, तारबार पोल उत्पादन गर्ने उद्योग | ३०००।० | |
| २.१६ | चिया पसल, नास्ता पसल | ८००।० | |
| २.१७ | मिष्ठान भण्डार | १०००।० | |
| २.१८ | खाना खुवाउने होटल | १०००।० | |
| २.१९ | होटल तथा लज | २०००।० | |
| २.२० | टेण्ट हाउस वा क्याटरिङ | ४०००।० | |
| **२.२१** | **सेवा उद्योग** | | |
| | छापाखाना अफसेट प्रेस | ४०००।० | |
| | छापाखाना स्क्रीन प्रिन्ट | १०००।० | |
| | फोटो स्टुडियो | १०००।० | |
| | भिडियो मिक्सिङ | १०००।० | |
| **२.२२** | **सञ्चार सेवा** | | |
| | इन्टरनेट वितरक | ३०००।० | |

| | | | |
|---|---|---|---|
| | केवल टि.भि. प्रशारण सेवा | ५०००।० | |
| | एफ एम प्रशारण सेवा | १०००।० | |
| | पत्रपत्रिका प्रकाशन | ५००।० | |
| | टेलिफोन टावर प्रति टावर | | |
| | मोबाइल रिचार्ज कार्ड थोक बिक्रेता | १०००।० | |
| | फोटोकपि,पीसीओ, साइबर क्याफे | १०००।० | |
| | कुरियर सेवा | ५००।० | |
| २.२३ | **वित्तीय सेवा** | | |
| | **क** बर्गको बैंक मुख्य कार्यालय | २००००।० | |
| | **ख** बर्गको विकास बैंक मुख्य कार्यालय | १६०००।० | |
| | **ग** बर्गको वित्तीय संस्था मुख्य कार्यालय | १२०००।० | |
| | **घ** बर्गको वित्तीय संस्था मुख्य कार्यालय | ८०००।० | |
| | **क** बर्गको बाणिज्य बैंक प्रति शाखा कार्यालय | १००००।० | |
| | **ख** बर्गको विकास बैंक प्रति शाखा कार्यालय | ८०००।० | |
| | **ग** बर्गको वित्तीय संस्था प्रति शाखा कार्यालय | ७०००।० | |
| | **घ** बर्गको वित्तीय संस्था प्रति शाखा कार्यालय | ६०००।० | |
| | बीमा कम्पनी मुख्य कार्यालय | ८०००।० | |
| | बीमा कम्पनी शाखा कार्यालय | ५०००।० | |
| | रेमिटान्स, मनी एक्सचेञ्जर | १०००।० | |
| | बहुउद्देश्यीय र बैंकिङ कारोबार गर्ने सहकारी संस्था | १५००।० | |
| | अन्य सहकारी संस्था | १०००।० | |
| २.२४ | **शिक्षालय** | | |
| | निजी विद्यालय | | |
| | मा.वि. (१ देखि १२ ) | ५०००।० | |
| | मा.वि. (१ देखि १०) | ३०००।० | |
| | आधारभूत विद्यालय (१ देखि ८) | २०००।० | |
| | प्राथमिक विद्यालय (१ देखि ५) | १०००।० | |
| | व्यवसायिक छात्र/छात्राबास | ३०००।० | |
| | मन्टेश्वरी तथा शिशु स्याहार केन्द्र | १०००।० | |
| २.२५ | **इन्स्टीच्यूट, तालिम तथा प्रशिक्षक केन्द्र** | | |
| | पोलिटेक्निकल इन्स्टीच्यूट | १००००।० | |
| | एच ए स्टाफ नर्स | १००००।० | |
| | एजुकेशनल कन्सल्टेन्सी सेवा | ५०००।० | |
| | कम्प्युटर, इलेक्ट्रिकल, इलेक्ट्रोनिक तालिम केन्द्र | २०००।० | |
| | सवारी चालक तालिम केन्द्र | ५०००।० | |
| | भाषा शिक्षा इन्स्टीच्यूट, ट्यूशन तथा कोचिङ सेन्टर | ३०००।० | |
| २.२६ | **मर्मत पसल** | | |
| | टि.भी., डेक, फ्रिज, कम्प्युटर, मर्मत पसल | २०००।० | |
| | मोर्वाइल मर्मत पसल | १०००।० | |
| | रेडियो, घडी मर्मत पसल | १०००।० | |
| २.२७ | **बैदेशिक रोजगार व्यवसाय** | | |
| | बैदेशिक रोजगार व्यवसाय मुख्य कार्यालय | १००००।० | |
| | बैदेशिक रोजगार व्यवसाय शाखा कार्यालय | ५०००।० | |
| २.२८ | **ड्राइक्लिनिङ, सैलुन तथा व्यूटीपार्लर** | | |
| | ड्राइक्लिनिङ | १०००।० | |
| | सैलुन | १०००।० | |
| | व्यूटीपार्लर | १०००।० | |
| | व्यूटीपार्लर व्यूटीशियन तालिम सहित | १५००।० | |
| २.२९ | **आर्ट व्यवसाय** | | |

| | | | |
|---|---|---|---|
| | डिजिटल आर्ट फ्लेक्स प्रिन्ट व्यवसाय | २०००।० | |
| | अन्य हाते लेखन आर्ट | १०००।० | |
| **२.३०** | **पशु बधशाला** | | |
| | पशु बधशाला | २०००।० | |
| | पशुको छाला संकलन तथा बिक्री केन्द्र | १५००।० | |
| | राँगा मासु पसल | १०००।० | |
| | खसी बोका मासु पसल | १०००।० | |
| | बँगुर मासु पसल | १०००।० | |
| | माछा मासु पसल | ५००।० | |
| | कुखुरा मासु पसल | १०००।० | |
| **२.३१** | **फूल बिरुवा विक्री पसल** | | |
| | नर्सरी | १०००।० | |
| | फूल बिक्री पसल | ५००।० | |
| **२.३२** | **कवाडी खरिद विक्री** | १०००।० | |
| **२.३३** | **स्पोट्स,खेलौना, गिफ्ट तथा फोटो फ्रेम पसल** | | |
| | स्पोट्स सामाग्री विक्री पसल | १०००।० | |
| | गिफ्ट विक्री पसल | १०००।० | |
| | खेलौना पसल | १०००।० | |
| | फोटो फ्रेम पसल | १०००।० | |
| **२.३४** | **सिलाई पसल** | | |
| | सिलाई पसल सटिङ सुटिङ | २०००।० | |
| | सिलाई पसल अन्य | १०००।० | |
| | बुटिक ल्याबरोटरी | १०००।० | |

## अनुसूची (५)
## जडिबुटी, कवाडी र जीवजन्तु कर

| सि.नं. | विवरण | वार्षिक कर | कैफियत |
|---|---|---|---|
| १ | ऊन जगर प्रति के.जी | १।० | |
| २ | खोटो प्रति के.जी | २।० | |
| ३ | जडीबुटी प्रति के.जि | ५।० | |
| ४ | बनकस (खर) बावियो, मलहन पत्ता, छुवाली, पराल, बगास, निगालो, लोक्ता, पटेर, अम्लिसो कुचो, बेत प्रति के.जी. | १।० | |
| ५ | कवाडी माल प्रति के.जि | २।० | |
| ५.१ | आल्मुनियम, फलाम, टिन प्रति के.जि | ५।० | |
| ५.२ | कागज, गत्था, रबर प्रति के.जि | १।० | |
| ५.३ | तामा, काँस, पीतल,सीसा प्रति के.जि | २५।० | |
| ५.४ | बोतल प्रतिगोटा | १।० | |
| ६ | जिवजन्तुको हाड प्रति के.जी. | २।० | |
| ७ | प्वाँख प्रति के.जी. | ५।० | |
| ८ | छाला प्रति के.जी. | ५।० | |
| ९ | सिंग प्रतिगोटा | ५।० | |
| १० | तोरीको पिना प्रति के.जी. | १।० | |

## अनुसूची (६)
## बिज्ञापन कर

**गाउँपालिका क्षेत्र भित्रका व्यवसायिक प्रयोजनका सूचना बोर्ड,व्यानर आदिमा लाग्ने बिज्ञापन कर**

| सि.नं. | विवरण | वार्षिक कर | कैफियत |
|---|---|---|---|
| १ | होडिङबोर्ड १० बर्ग फिट सम्मका प्रति बर्ग फिट | २५।० | |

| | | | |
|---|---|---|---|
| २ | होडिङबोर्ड १० बर्ग फिट भन्दा ठूला प्रति बर्ग फिट | ४०।० | |
| ३ | भित्ते लेखन प्रति बर्ग फुट | २०।० | |
| ४ | बिद्युत वा टेलिफोनका पोलमा राखिएका बोर्ड प्रति बोर्ड | ३००।० | |
| ५ | तुल व्यानर,फ्लेक्स प्रिन्ट १० बर्ग फिट सम्म प्रति बर्ग फुट | ५००।० | |
| ६ | तुल व्यानर, फ्लेक्स प्रिन्ट १० बर्ग फिट भन्दा ठूला प्रति बर्ग फुट | ८००।० | |
| ७ | अस्थायी रुपमा सडक वारपार गरी लगाइएका व्यानर प्रति दिन | ४०।० | |
| ८ | डिजिटल डिस्प्ले प्रति बर्ग फुट | १००।० | |
| ९ | अडियो भिडियो डिस्प्ले प्रति बर्ग फुट | १००।० | |

## अनुसूची (७)
## बहाल बिटौरी

| सि.नं. | विवरण | वार्षिक कर | कैफियत |
|---|---|---|---|
| १ | कपुरकोट बजार क्षेत्रमा मासिक | २००।० | |
| २ | कपुरकोट बजारक्षेत्र भन्दा बाहिर मासिक | १००।० | |

## अनुसूची (८)
## पार्किङ शुल्क

| सि.नं. | विवरण | २ घण्टा सम्मको | २४ घण्टा सम्मको |
|---|---|---|---|
| १ | ठूला सवारी साधन (बस,ट्रक,टेक्टर) | ५०।० | २००।० |
| २ | साना सवारी साधन (मिनीबस, माइक्रोबस, जिप,कार टेम्पो) | ३०।० | १२०।० |
| ३ | मोटरसाइकल, स्कुटर | १०।० | ८०।० |

## अनुसूची (९)
## सवारी शेवा शुल्क

| सि.नं. | विवरण | वार्षिक कर | कैफियत |
|---|---|---|---|
| १ | सरसफाई शुल्क मासिक | | |
| १.१ | प्रति घर प्रति तला | ५०।० | |
| १.२ | किराना, फेन्सी, कस्मेटिक, जस्ता व्यवसाय प्रति पसल मासिक | ७५।० | |
| १.३ | होटल,नाई, हस्पिटल तथा क्लिनिक, तरकारी पसल आदि व्यवसायहरुको मासिक प्रति पसल | १००।० | |
| २ | गाउंपालिका क्षेत्रमा गाउंपालिकाले निमार्ण गरेका सडकहरुमा सञ्चालन हुने सवारी साधनहरुमा देहाय बमोजिम सवारी साधन सेवा शुल्क अशुलउपर गरिनेछ | | |
| २.१ | ट्रक, ट्रिपर, बस, टेक्टर प्रति ट्रिप | १००।० | |
| २.२ | मिनी बस, जिप, कार डेलिभरी भ्यान प्रति ट्रिप | ५०।० | |

## अनुसूची (१०)
## घर नक्शा पास शुल्क

| सि.नं. | विवरण | वार्षिक कर | कैफियत |
|---|---|---|---|
| १ | नक्सा पास किताव | ५००।० | |
| २ | घर नक्सा नामसारी | १०००।० | |
| ३ | बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभूत मापदण्ड, २०७२ बमोजिम बर्गीकृत भवनको नक्सापास दस्तुर देहाय बमोजिम हुने | | |
| ३.१ | क बर्गको भवन प्रति तला प्रति बर्ग फुट | ८।० | बैंक प्रयोजनका लागि |
| ३.२ | ख बर्गको भवन प्रति तला प्रति बर्ग फुट | ७।० | |
| ३.३ | ग बर्गको भवन प्रति तला प्रति बर्ग फुट | ५।० | |
| ३.४ | घ बर्गका भवन एकमुष्ठ | २०००।० | |

## अनुसुची ११
## अन्य

| सि.नं. | विवरण | शुल्क/दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | गाउँपालिकाको हल भाडा (प्रतिदिन) | १०००। | |
| २ | प्रोजेक्टर भाडा (प्रतिदिन) | ८,००। | |
| ३ | साउण्ड सिस्टम भाडा (प्रतिदिन) | राजनीतिक दल रु ८,०००।<br>संघसंस्था रु ५,००। | |
| ४ | दहत्तर बहत्तर कर (ढुंगा गिट्टी बालुवा) | रु १२०। (प्रतिघनमिटर) | |
| ५ | कुकाठ (कपुरकोट गाउँ कार्यपालिका परिसरभित्र वा गाउँपालिका मातहतका कार्यालय परिसरभित्र रहेका) | रु १००। (प्रतिक्युफुट) | |
| ६ | चमेनागृह (क्यान्टीन) भाडा- १०/१५ वर्गमिटर सम्म प्रयोग गरे वापत | रु १,०००। (मासिक) | |
| ७ | घुमन्ते रुपमा व्यवशाय गर्दा पटके कर (दर्ता नभएका व्यवशायी)<br>पैदल रुपमा झोला, पोकामा (गाउँपालिका भित्रका व्यवशायी)<br>पैदल रुपमा झोला, पोकामा (गाउँपालिका वाहिरका व्यवशायी)<br>सवारि साधनमा ब्यापार गर्दा | <br>रु २,००।<br>रु ५,००।<br>बस्तु तथा मूल्यको आधारमा रु ६,००। देखी रु १,०००। सम्म | |

अ) पहिलो पटक व्यवसाय दर्ता गर्दा प्रत्येक व्यवसायको दर्ता तथा प्रमाण पत्र शुल्क वापत एक पटक मात्र रु. ५००।० र नवीकरण गर्दा वार्षिक व्यवसाय कर मात्र लाग्नेछ ।

आ) यसमा उल्लेख नभएका विषयमा पुंजी र प्रकृतिका आधारमा गाउँ कार्यपालिकावाट तोकिएको दररेटलाई कायम गरी असुल उपर गरिनेछ ।

इ) व्यवशाय नविकरण हरेक आर्थिक वर्षको असोज मसान्त भित्र गरिसक्नुपर्ने छ । उक्त समयभित्र नविकरण नगरेमा नविकरण रकमको १० प्रतिशत जरिवाना गरिने छ ।